# COVID-19 औषधोपचार प्राप्त गर्न द्रुत गतिमा कदम चाल्नुहोस् ट्रान्स्क्रिप्ट

[उत्साहजनक सङ्गीत]

[अनस्क्रिन पाठ] के तपाईंले सुन्नुभयो ?

[कथन] यदि तपाईं कोभिड-19 बाट बिरामी हुनुहुन्छ भने औषधोपचार पाउनाले तपाईंको शरीरलाई भाइरससँग लड्नमा मद्दत गर्न सक्छ जसले गर्दा तपाईंलाई छिट्टै सञ्चो हुनेछ।

औषधोपचारहरू, जसमा मोनोक्लोनल एन्टिबडी उपचार पर्दछ, परीक्षणको नतिजा पोजिटिभ आएका र हल्कादेखि मध्यम लक्षणहरू भएका व्यक्तिहरूका लागि गरिन्छ। तिनले तपाईंलाई अस्पताल नै भर्ना हुनुपर्ने गरी बिरामी हुनबाट बचाउन सक्ने छन्।

तपाईंले कोभिड-19 का लक्षणहरू देखिएको पहिलो 10 दिनभित्र मात्र औषधोपचार प्राप्त गर्न सक्नुहुन्छ, त्यसैले द्रुत गतिमा कदम चाल्नु महत्त्वपूर्ण हुन्छ।

तपाईं योग्य हुन सक्नुहुन्छ कि हुन्न भनेर थाहा पाउन र आफू नजिकको क्लिनिक पत्ता लगाउन health.mn.gov/covidmeds मा जानुहोस् वा आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्। क्लिनिकमा सम्पर्क गर्न तपाईंले सोमबारदेखि शुक्रबार बिहान 9 बजेदेखि अपरान्ह 4 बजेसम्म मिनिसोटा हेल्पलाइनलाई 1-800-657-3504 मा फोन गर्न सक्नुहुन्छ।

[उत्साहजनक सङ्गीत]

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

3/10/21 (Nepali)

*भिन्न स्वरूपमा यो जानकारी प्राप्त गर्न यहाँ फोन गर्नुहोस्: 651-201-4989*